http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क २, २०७३ भदौ, Year 4, Issue 2, September 2016

## राजस्व संकलन २९ प्रतिशतले वृद्धि

काठमाडौं। आर्थिक वर्ष २०७३/०७४ भदौ मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा २९ प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७३/०७४ भदौ महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. २८ अर्व ७५ करोड ६६ लाख ३७ हजार रहेकोमा रु. २८ अर्व ९३ करोड ६ लाख ६५ हजार संकलन भई लक्ष्यको तुलनामा १०१ प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १२

२०७३/७४ भाद्र र भाद्रसम्मको प्रगति — रु हजारमा

| शीर्षक | वार्षिक लक्ष्य | भाद्र महिनाको | | यस महिना सम्मको | | | वृद्धिदर |
|---|---|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगती | | | प्रगती | |
| | | | | लक्ष्य | प्रगति | प्रतिशतमा | |
| आयकर | ११४१८९८३० | ३४२५७१४ | ४२९६९५८ | ९१३५२०४ | ९८०७३७९ | १०७ | १४१ |
| वहालकर | ३७५२४१० | २२५१५५ | २४७००९ | ४८७८२५ | ६०६३५३ | १२४ | ११७ |
| व्याजकर | ९५८०१०० | ३८३१९२ | १९५३२१ | २२०३४१० | १८०६०५४ | ८२ | ११९ |
| आयकर जम्मा | १२७५२२३४० | ४०३४०६१ | ४७३९२८८ | ११८२६४३९ | १२२१९७८६ | १०३ | १३६ |
| मू.अ.कर | ५९३२८७५४ | ३५५९७१८ | ३८९४८५५ | १०६७९१७१ | १०४५०२३५ | ९८ | ११४ |
| अन्त:शुल्क | ४५०२५२३२ | ३१५१७७० | ३०२८१७८ | ५८५३२८४ | ५९१६५८८ | १०१ | १४९ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ३७८१० | ३८०४० | १३६१२७ | १३८३७१ | १०२ | १३७ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | २९०७२ | २३८६७ | २६१६१६ | २०५६८५ | ७९ | १२३ |
| जम्मा | २३३६०१५१७ | १०८१२४३१ | ११७२४२२८ | २८७५६६३७ | २८९३०६६५ | १०१ | १२९ |

अर्व २१ करोड ९७ लाख ८६ हजार, मूल्य अभिवृद्धि कर रु. १० अर्व ४५ करोड २ लाख ३५ हजार र अन्त:शुल्क तर्फ रु. ५ अर्व ९१ करोड ६५ लाख ८८ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०३ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९८ प्रतिशत र अन्तशुल्क तर्फ १०१ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. १३ करोड ८३ लाख ७१ हजार

बाँकी १० पेजमा....

# माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री कृष्णबहादुर महराद्वारा आन्तरिक राजस्व विभागको निरीक्षण



माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री कृष्णबहादुर महरालाई आन्तरिक राजस्व विभागमा स्वागत गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्मा

माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराले भदौ १७ गते आन्तरिक राजस्व विभागको निरीक्षण गर्दै कर्मचारीहरुलाई निर्देशन दिनु भयो। आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा उपप्रधान तथा अर्थमन्त्री महराले कर्मचारीहरुलाई निर्देशन दिदै भन्नुभयो **"तपाईहरु राष्ट्रलाई प्रोत्साहन गर्नुहोस् मन्त्रालय तपाईहरुलाई प्रोत्साहन गर्दछ"।**

विभागको वारेमा आफू पूर्व जानकार रहेको वताउनुहुँदै महराले कर प्रणाली जति मजवुद हुदै जान्छ देश त्यति नै समृद्ध वन्दै जाने भएकोले कर प्रणालीमा सुधारका लागि कार्यस्थलमा आइपरेको समस्याहरुको पृष्ठपोषण नीति निर्माणका लागि कर्मचारीलाई निर्देश गर्नु भयो । कर्मचारीले तोकिएको कार्यविधिको आधारमा कार्य सम्पादन गर्ने हुंदा त्यसरी कार्य सम्पादन गर्दा देखिएका समस्याका सम्बन्धमा कर्मचारीले पृष्ठपोषण दिएमा नीतिगत एवं कार्यविधिगत सुधार गर्न आफू तयार रहेको भन्नुहुँदै पृष्ठपोषणको आधारमा नीति, कानून, राजनीतिक प्रणाली जे मा सुधार गर्नु पर्छ हामी तयार छौ" भन्नुभयो। त्यस्तै वहांले परिवर्तनको अनुभूति आम जनतामा हुनु पर्ने कुरामा सदैव सजग रहन आग्रह समेत गर्नु भयो ।

अर्थमन्त्री महराले विभागले अघि सारेका करदाता शिक्षा, करदाताको पहिचान (Know Your Taxpayers), विद्युतीय भुक्तानी प्रणाली (e Payment), अन्तशुल्क प्रशासनमा शुरु गर्न लागिएको प्रविधिमा आधारित अनुगमन र परीक्षण (Track & Trace), इलेक्ट्रोनिक क्याश रजिष्ट्र

बाँकी ९ पेजमा....

## यसभित्र

प्रतिस्पर्धी र स्वच्छ बजारको विकासबाट मात्र आर्थिक क्रियाकलापमा विस्तार भई अर्थतन्त्र सक्षम हुन्छ
श्री शान्तराज सुवेदी, अर्थ सचिव
पृष्ठ ३

मूल्य अभिवृद्धि करमा करदाताको प्रशासनिक दायित्व
पृष्ठ ७

कल सेन्टरलाई अध्यावधिक गरिने
पृष्ठ ११



# महानिर्देशकको सन्देश

**माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महराज्यूबाट यस विभागको निरीक्षण सम्पन्न भएको छ । निरीक्षणका क्रममा यस विभागबाट भएका कार्यहरू र आगामी दिनमा गरिने कार्यको मा. उपप्रधानमन्त्री तथा अर्थमन्त्री समक्ष सविस्तार प्रस्तुत गरिएकोमा मा. उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूबाट प्रभावकारी रूपमा कार्य सम्पादनको लागि निर्देशन प्राप्त भएको छ ।**

हामी आ.व. २०७३/७४ को शुरूवातमा छौं । यस वर्ष विभागले सम्पादन गर्नुपर्ने राजस्व नीतिमा उल्लेखित विषयहरू र व्यवस्थापन गोष्ठीमा पारित भएको बुढानिलकण्ठ घोषणापत्रमा आधारित भई प्राथमिकताका साथ विभागले यसै वर्ष सम्पादन गर्नुपर्ने कार्यहरू निर्धारण गरी त्यस अनुरूपको व्यवसायिक कार्य योजना तयार गरी हाम्रो चालु वर्षको गन्तव्य समेत निर्धारण गरिएको छ । साथै उक्त गन्तव्यमा पुग्नका लागि निर्धारित कार्य योजनाको कार्यान्वयन सुनिश्चितताका लागि अर्थ सचिव र महानिर्देशकको बीचमा कार्य सम्पादन सम्झौता समेत सम्पन्न भैसकेको छ ।

एकातर्फ विभागलाई चालु वर्षको लागि प्राप्त भएको राजस्वको लक्ष्य पूरा गर्ने प्रमुख जिम्मेवारी रहेको छ भने अर्को तर्फ राजस्व नीति, व्यवसायिक कार्य योजना र कार्य सम्पादनमा उल्लेखित विषयहरूलाई सक्रियताका साथ पूरा गर्नुपर्ने दायित्व पनि त्यतिकै महत्वपूर्ण छ । यसको उपलब्धिको समीक्षा राजस्व संकलनको हिसावले उत्साहजनक देखिएको छ । भाद्रसम्मको राजस्व संकलनको लक्ष्य रू. २८ अर्व ७५ करोड ६६ लाख भएकोमा रू २८ अर्व ९३ करोड ४३ लाख संकलन भई लक्ष्यको तुलनामा रू. १८ करोड बढी प्रगति हासिल गरिएको छ । जुन गत वर्षको तुलनामा २९ प्रतिशतले बढी हुन आउंदछ ।

माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री श्री कृष्णबहादुर महराज्यूबाट यस विभागको निरीक्षण सम्पन्न भएको छ । निरीक्षणका क्रममा यस विभागबाट भएका कार्यहरू र आगामी दिनमा गरिने कार्यको मा. उपप्रधानमन्त्री तथा अर्थमन्त्री समक्ष सविस्तार प्रस्तुत गरिएकोमा मा. उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूबाट प्रभावकारी रूपमा कार्य सम्पादनको लागि निर्देशन प्राप्त भएको छ । राजस्व प्रशासनमा रहेका कमी कमजोरीलाई सुधार गर्दै आगामी दिनमा सक्रियतापूर्वक कार्य सम्पादन गर्न समेत निर्देशन प्राप्त भएको यस सन्दर्भमा म कर प्रशासनमा कार्य गर्ने सम्पूर्ण कर्मचारीहरूलाई आफ्नो कार्यमा इमान्दार र लगनशील भई कार्य सम्पादन गर्नको लागि निर्देशन दिन चाहन्छु । हामीले करदातामैत्री व्यवहार र कर प्रशासनका सही एवं यर्थाथपरक सूचनाहरू करदाताको अवश्यकता अनुसार सम्प्रेषण गर्ने अभिप्रायले कल सेन्टरको सुदृढीकरण गर्ने कार्यको थालनी गरेका छौं । हामीहरू अहिले चाडपर्वको मुखमा छौं । चाड पर्वमा गरिने व्यवसायिक कारोवारको राजस्वमा प्रत्यक्ष रूपमा असर पर्ने हुंदा बजारमा उपस्थित बढाउनु पर्ने अवस्था रहेको छ । बजारमा बिल वीजक जारी भए नभएको, इजाजत लिनु पर्नेले इजाजत लिई कारोवार गरे नगरेको लगायत समग्र प्रभावकारी अनुगमनको आवश्यकता रहेको छ । यस समयमा म यस विभाग अन्तर्गतका कार्यालयहरूलाई प्रभावकारी रूपमा बजार अनुगमन गर्नको लागि निर्देश गर्दछु ।

राजस्व प्रशासनमा कार्य गर्ने सम्पूर्ण कर्मचारीहरूलाई आफ्नो कार्य सम्पादन गर्दा कुशलतापूर्वक कार्य सम्पादन गर्नुहुन र व्यवसायीहरूले आफ्नो कार्य गर्दा पारदर्शी रूपमा कार्य सम्पादन गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन अनुरोध गर्दछु ।

अन्त्यमा, राजस्व प्रशासनमा कार्य गर्ने सम्पूर्ण कर्मचारी, राजस्वमा योगदान पुऱ्याउने उद्योगी, व्यवसायी, व्यापारी, राजस्व सम्बन्धी सूचना सम्प्रेषण गर्ने संचार जगत लगायत अन्य व्यक्ति, संस्था सबैलाई हाम्रो महान चाड विजया दशमी, २०७३ को उपलक्ष्यमा हार्दिक शुभकामना दिन चाहन्छु ।

२०७३, असोज

**चुडामणि शर्मा**
महानिर्देशक




# प्रतिस्पर्धी र स्वच्छ बजारको विकासबाट मात्र आर्थिक क्रियाकलापमा विस्तार भई अर्थतन्त्र सक्षम हुन्छ

**श्री शान्तराज सुवेदी**, अर्थ सचिव

**० सर्वप्रथम निजामती सेवा दिवसको अवसरमा नेपाल सरकारले यहाँलाई 'सर्वोत्कृष्ठ निजामती सेवा पुरस्कार' प्रदान गरेकोमा बधाई छ ?**

- धन्यवाद ! आफ्नो काम प्रति समर्पण, इमान्दार, कर्तव्यनिष्ठ र जवाफदेही भई सार्वजनिक सेवालाई गुणस्तरीय, भरपर्दो र जनताको रुचि मुताविक समन्वयायिक दृष्टिकोणले प्रवाह गर्ने प्रयास गर्दा सरकारले उचित मूल्यांकन गर्छ भन्ने कुरा यस सर्वोकृष्ट निजामती सेवा पुरस्कार पाएपछि मलाई महशुस भएको छ । यसबाट समग्रमा निजामती प्रशासनको साख बढेको अनुभूति गरेको छु । यसले अरुलाई पनि जनताप्रति उत्तरदायी भई कार्य सम्पादन गर्ने हौसला मिल्ने विश्वास लिएको छु । खासगरी मैले सेवा गरेको कार्यालय अख्तियार दुरुपयोग अनुसन्धान आयोग र प्रमुख आयुक्तज्यूबाट मेरो कार्य सम्पादनको मूल्याङ्कन भै सर्वोत्कृष्ठ निजामती सेवा पुरस्कारको लागि शिफरिस भएको हो । यसैका आधारमा सरकारले मलाई पुरस्कृत गरेको हो ।

**० गत वर्षको भूकम्पले अर्थतन्त्रमा पारेको प्रभाव र असहज आपूर्ति व्यवस्था एवं तराई आन्दोलनको वावजुद पनि गत आ.व. मा लक्ष्य भन्दा बढी राजस्व संकलन गर्न अर्थ मन्त्रालय सफल भएको छ ? कारण खुलाई दिनुहोस् न ?**

- आ.व. २०७२/७३ लागि राजस्वको वार्षिक लक्ष्य रु. ४७५ अर्ब तोकिएको थियो। भूकम्प र सो पश्चातको पराकम्पनले गर्दा जनजीवन अस्तव्यस्त भई आर्थिक गतिविधिमा शिथिलता आएको थियो । तथापि, भूकम्पपछिको राहत, पुनर्स्थापना र पुनर्निर्माणलाई तीव्रता दिन स्रोत परिचालन गर्नु नै पर्ने हुनाले आ.व. २०७१/७२ को संकलनको तुलनामा मध्यस्तरको राजस्व संकलनको वृद्धि निर्धारण गरी लक्ष्य तोकिएको थियो। पुननिर्माणले केही गति लिएसँगै आपूर्ति व्यवस्थामा असहजता सिर्जना भयो । साथसाथै तराईमा भएको राजनीतिक तनाव र सीमा नाकामा देखा परेको अवरोधले व्यापार, व्यवसाय, आयात निर्यात, आन्तरिक ओसार पसारमा अवरोध सिर्जना हुन पुग्यो ।

यसरी गत आ.व.को पहिलो ६ महिनासम्म आई पुग्दा लक्ष्य मुताविक राजस्व संकलन हुन नसकेको यथार्थ नै हो । सार्वजनिक विकास निर्माणलाई निरन्तरता दिन तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गर्नैपर्ने हुन्छ। तसर्थ, आर्थिक गतिविधि विस्तार गरी रोजगारी सिर्जना, आय आर्जन, व्यवसाय फस्टाउने वातावरण तयार गर्ने कर प्रशासनले रचनात्मक सहयोग, करदातामैत्री वातावरण सिर्जना गर्न कर प्रशासनको आचरण, व्यवहार, कार्यविधि सरलीकरण, वैकल्पिक राजस्व संकलनको खाका मूलत: बक्यौता असुली, प्रभावकारी कर परीक्षण तथा अनुसन्धान, नियमित र प्रभावकारी बजार अनुगमन र राजस्व चुहावट नियन्त्रणका लागि राजस्व प्रशासनका निकाय र बाह्य संस्थाहरुसँगको समन्वय, सूचना आदान प्रदान र सहकार्यका अतिरिक्त कर सहभागिता, कर्मचारीहरुको लगनशिलता, कठिन मिहिनेत र कर्तव्य बोध लगायतले प्रतिकुल बाह्य वातावरणका बीच पनि लक्ष्य भन्दा बढी राजस्व संकलन भएको हो। सोको लागि म सम्पूर्ण करदाता र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

**० हरेक वर्ष राजस्वको लक्ष्य वृद्धि गरिन्छ, चालु आर्थिक वर्षको राजस्व संकलनको लक्ष्य पनि निकै बढी नै छ। राजस्व लक्ष्य पूरा गर्न के कस्तो नीति तथा कार्यक्रम छन् ? प्रकाश पारिदिनु हुन्छ कि ?**

- राजस्व संकलनको प्रवृत्तिलाई विश्लेषण गर्दा हरेक वर्ष औषतमा २० प्रतिशतको हाराहारीमा राजस्वको वृद्धिदर कायम भएको देखिन्छ । हाम्रो जस्तो सार्वजनिक स्रोत परिचालन प्रभावकारी हुन नसकेको

मुलुकका लागि राजस्व संकलन कुल गार्हस्थ उत्पादनसँगको अनुपात २१ प्रतिशत हुनुलाई राम्रो मान्न सकिन्छ । नेपालको राजस्व संकलनको सम्भाव्यता (Revenue Potentiality) कति हो भन्ने कुराको कुनै वृहत अध्ययन अनुसन्धान हुन सकेको छैन । जुन गर्नु नै पर्ने हुन्छ । त्यसैले गत आ.व. को प्रतिकुल वातावरणमा संकलन भएको राजस्वको आधारमा तय गरिएको राजस्वको वृद्धिदरलाई अधिक भन्न सकिदैंन । मुलुक पुनर्निर्माण र नवनिर्माणको महान अभियानमा अगाडि बढेको यस अवसरमा लक्ष्य भन्दा बढी राजस्व संकलन गर्नेका लागि चालु आ.व. मा राजस्व नीतिले लिएका रणनीति, कार्यनीति र उद्देश्यहरुलाई प्रभावकारी, वस्तुनिष्ठ र इमान्दार भएर कार्यान्वयन गर्नुपर्ने हुन्छ । सरकार, निजी क्षेत्र र नागरिक समाजको सक्रिय सहभागितामा कर सहभागिता अभिवृद्धि गर्ने, राजस्व चुहावट नियन्त्रणका लागि आ-आफ्नो स्थानबाट संस्थागत क्षमता बढाउने, कर कानूनका व्यवस्थाहरुको प्रभावकारी ढंगले कार्यान्वयन गर्ने, कर प्रशासनमा विगतदेखि लागू गरिएको सुधार तथा आधुनिकीकरण कार्यक्रमलाई निरन्तरता दिने, लगानी बढाई आर्थिक गतिविधिमा विस्तार गर्न सहजीकरणको भूमिका निर्वाह गर्ने, कर वक्यौता, कर अनुसन्धान, करदाता शिक्षा र बजार अनुगमनको गुणस्तरीयता अभिवृद्धि गर्ने र राजस्व संकलनको मासिक, कार्य योजना बनाई अनुगमन गर्ने एवं करदाता शिक्षा कार्यक्रम लागू गर्ने जस्ता नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गरी राजस्व संकलन प्रणालीमा जोड दिइने छ ।

**० आ.व. २०७३/७४ ले राजस्व नीतिले परिलक्षित गरेका उद्देश्य र त्यसलाई पूरा गर्ने कार्य योजनाको बारेमा बताइदिनुहोस न ?**

- राजस्व नीतिले परिलक्षित गरेका लक्ष्य र सो पूरा गर्ने योजना मुताविक राजस्वसम्बन्धी सम्पूर्ण व्यवस्थाहरु समेटि चालु आ.व. को राजस्व नीति तथा कार्यक्रमको छुट्टै पुस्तिका अर्थ मन्त्रालयले सार्वजनिक गरि सकेको छ । हरेक विभागले सम्पादन गर्नुपर्ने वार्षिक कार्यक्रमको कार्ययोजना बनाई लागू भइसकेको छ । मेरो रोहवरमा सचिव (राजस्व) र विभागीय प्रमुखहरुका वीच कार्य सम्पादन सम्झौता भएको छ । विभागीय प्रमुख र कार्यालय प्रमुखका वीचमा कार्य सम्पादन सम्झौता गरी कर प्रणालीलाई व्यवसायीमैत्री बनाई राजस्व परिचालनमा सुधार गरिनेछ । संघीयतामा राजस्व बाँडफाँडसम्बन्धी कानूनहरुको मस्यौदा तर्जुमाको क्रममा रहेकोछ ।

**० मुलुकको समग्र राजस्वमा आन्तरिक स्रोत परिचालनको वर्तमान अवस्था र यसको योगदान बारे सचिवज्यूको धारणा बताइदिनुहुन्छ कि ?**

- पहिलो चरणको आर्थिक सुधार कार्यक्रमले अर्थतन्त्रमा नयाँ किसिमको तरंग ल्यायो आयात निर्यातमा वृद्धि भयो । वित्तीय क्षेत्रको विस्तारले गति लियो । सेवा क्षेत्रको विकासले कुल गार्हस्थ उत्पादनमा भएको योगदानमा गुणात्मक सुधार आई बृद्धि भयो । उद्यमशीलता, व्यापार, व्यवसायमा लगानी गर्ने पद्दतिको विकास हुँदै गयो । फलस्वरुप राजस्वका आधारहरु विस्तार भए ।

पहिलो चरणको आर्थिक सुधारको २ दशक बीचमा विभिन्न किसिमका उतार चढाव आए । जसले गर्दा अर्थतन्त्र विस्तार भए पनि अपेक्षित हुन सकेन । अर्थतन्त्रमा संरचनागत समस्याहरु देखिए । निकासी र पैठारी बीचको अन्तर बढ्दै गयो । प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आयो । आयात तथा विप्रेषणमा आश्रित अर्थतन्त्रको निर्माण भयो । पूँजी निर्माण र वचतमा लगानी गर्ने भन्दा उपभोगमा वृद्धि हुँदै गयो । प्रतिस्पर्धात्मक, स्वच्छ र पारदर्शी बजार स्थापित हुन सकेन । केही कानूनी जटिलताले गर्दा अपेक्षित लगानी बढ्न सकेन ।

अर्थतन्त्रमा देखिएका यस्ता संरचनात्मक अवरोधहरुलाई हटाउँदै उच्च आर्थिक वृद्धि हासिल गर्न, सन्तुलित, समावेशी र जन चाहना अनुरुपको आर्थिक र सामाजिक परिवेश निर्माण गर्न दोस्रो चरणको आर्थिक सुधार कार्यक्रम विगत केही वर्षदेखि लागू गरिएको छ । फलस्वरुप आन्तरिक राजस्वको योगदान कुल राजस्वमा बढ्दै गएको छ । अप्रत्यक्ष करको दाँजोमा प्रत्यक्ष करको अंश पनि बढ्दै गएको छ । जवसम्म प्रत्यक्ष करको योगदानमा वृद्धि गर्न सकिदैंन, तवसम्म उच्च वृद्धि दरको राजस्व संकलनलाई दीगो बनाउन पनि सकिदैंन । कर प्रशासनमा भएको सुधार, सूचना तथा प्रविधिमैत्री कर प्रशासन, जनताको घरदैलोसम्म कर कार्यालयको विस्तार आदिले आन्तरिक राजस्व परिचालन क्रमशः बढ्दै गएको छ ।

**० जिम्मेवारी पूरा नगर्नेलाई दण्डित र गर्नेलाई पुरस्कृतको व्यवस्था नहुँदासम्म बजेटको प्रभावकारी कार्यान्वयन हुन सक्दैन भनिन्छ तर यसको कार्यान्वयनको लागि कुनै आधार र मापदण्ड छन् त ? बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन अर्थ मन्त्रालय के कस्तो पहल गरिरहेको छ ? बताइ दिनु हुन्छ की ? वर्षेनी पूँजीगत खर्च कम भएको अवस्था विद्यमान छ । यस वर्ष पूँजीगत खर्च बढाउने सम्बन्धमा मन्त्रालयको कार्ययोजनाको बारेमा उल्लेख गरिदिनु हुन्छ कि ?**

- सरकारको नीति तथा कार्यक्रमलाई बजेट मार्फत् सम्बोधन र कार्यान्वयन गर्ने गरिन्छ । सहभागितामूलक पद्दतिबाट तर्जुमा गरिएको बजेट कार्यान्वयनमा पनि सहजता र प्रभावकारीता हुन्छ । पूँजीगत खर्च बढाउन नसक्दा सरकारको कोषमा रकम बचत हुने अवस्था विगत केही वर्षदेखि रहँदै आएको छ । एकातिर विनियोजन गरेको रकम खर्च नहुने र अर्कोतिर खर्च भएको रकममा गुणस्तरीयता, पारदर्शिता, जवाफदेहिता र आर्थिक अनुशासन कायम नहुँदा सार्वजनिक खर्चको प्रभावकारीतामा प्रश्न खडा भएको छ । यसैले बजेटको प्रभावकारी कार्यान्वयन गर्न र पूँजीगत खर्च बढाउन सरकार चालु आ.व. देखि नै अघिल्लो वर्ष जेष्ठ १५ गते बजेट सार्वजनिक गरी असारसम्ममा व्यवस्थापिका संसद्बाट पास भइसकेको छ, श्रावण १ गते नै सबै निकायलाई अख्तियारी पठाइ सकिएको छ, ठेक्का पट्टाको काम समय मै सम्पन्न गरी कामको प्रगतिको नियमित अनुगमन र प्रतिवेदन गर्नु पर्ने संयन्त्र स्थापनाको कार्य भइरहेको छ, आयोजनामा कर्मचारीको अभाव हुन नदिन सरुवाको निश्चित मापदण्ड बनाई लागू गरिएको छ । कर्मचारीको मनोवल उच्च बनाई राख्न प्रोत्साहन गर्ने व्यवस्था लागू गरिएको छ । अधिकांश ठूला आयोजनाहरुमा कार्य सम्पादन सम्झौता गरिएको छ । कर्मचारीको कार्यसम्पादन स्तरलाई आयोजनाको भौतिक र वित्तीय प्रगतिसँग आवद्धता गरिएको छ । राष्ट्रिय विकास समस्या समाधान समिति, मन्त्रालयगत विकास समस्या समाधान समिति मार्फत निरन्तर अनुगमन र समीक्षा गर्ने परिपाटी विकास गरिएको छ । यी प्रयासहरुलाई वस्तुनिष्ठ भई कार्यान्वयन गर्दा बजेट कार्यान्वयन पनि प्रभावकारी हुने र चालु आ.व. को पुँजीगत खर्चमा बृद्धि हुने अपेक्षा गरेको छु ।


बहाल आयमा १० प्रतिशत कर तिरौं ।



> संघीय संरचनामा सरकारको पूँजीगत खर्चका अतिरिक्त चालु खर्चमा समेत दवाव पर्छ । सबै प्रादेशिक र स्थानीय इकाईहरू स्रोत र साधनले सम्पन्न हुँदैनन् । कसैको स्रोत बढी हुन्छ भने कुनैले चालु खर्च पनि धान्न नसक्ने हुन सक्लान । तसर्थ, संघीय सरकारले विवेकशील र न्यायोचित ढंगबाट राजस्वको बाँडफाँड गर्नुपर्ने हुन्छ । राजस्वका थप स्रोतहरूको पहिचान गर्ने, वित्तीय एवं आर्थिक अनुशासनको परिपालना गर्ने, बेरूजु एवं बक्यौता फरफारक गर्ने, राजस्व प्रशासनमा कार्यरत कर्मचारी र संस्थाको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने, भ्रष्टाचार नियन्त्रण र राजस्व चुहावट नियन्त्रणका लागि निजी क्षेत्र एवं नागरिक समाजसँग हातेमालो गर्ने, युवापुस्तालाई कर प्रणाली र यसको महत्वका बारेमा जानकारी गराउने जस्ता कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने हुन्छ ।

**० अर्थतन्त्रलाई गति दिने क्षेत्र निजी क्षेत्र हो। यस क्षेत्रलाई उत्साहित पार्ने कार्यक्रमको बारेमा केही बताइ दिनु हुन्छ की ?**

- नेपालको संविधानले विकासको मुख्य साझेदारको रुपमा निजी क्षेत्रलाई स्थान दिएको छ। सार्वजनिक, निजी र सहकारी बीचको साझेदारीबाट मात्र समावेशी, समन्यायिक, आर्थिक समृद्धि र उन्नत किसिमको आर्थिक सामाजिक प्रणालीको विकास गर्न सकिन्छ। ३० प्रतिशत लगानी सरकारले गर्दा ७० प्रतिशत लगानी निजी क्षेत्रले गर्ने गर्दछ। यसैले नेपाल सरकारले निजी क्षेत्रको विकासका लागि आर्थिक नीति, राजस्व नीति, कर प्रणालीमा सुधार गरी कर छुट, सहुलियत तथा अनुदान लगायतका विविध किसिमका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। राजस्व नीतिको माध्यमबाट लगानीको वातावरण निर्माण गरिएको छ। हालै नयाँ औद्योगिक व्यवसाय ऐन संसदबाट पारित भएको छ। यसबाट पनि निजी क्षेत्र उत्साहित हुनेछ।

**० मुलुक संघीय संरचनामा प्रवेश गर्दैछ। यस अवसरमा राजस्व प्रशासनको संरचना, प्रणाली र त्यस क्षेत्रको परिवर्तनको आवश्यकता देख्नु भएको छ ? छ भने के छ ? खुलाइ दिनु हुन्छ कि ?**

- मुलुक संघीय संरचनामा रुपान्तरण हुने क्रममा रहेको छ। संविधानतः संघीय मुलुक हुने स्पष्ट भएतापनि सो बमोजिमका संरचनाहरु निर्माण गर्न केही समय लाग्ने नै हुन्छ। संघीयताको कार्यान्वयनका लागि संविधानले परिलक्षित गरेका अधिकारको प्रयोगका लागि संघ, प्रदेश र स्थानीय तहमा राजस्वसम्बन्धी प्रशासन गर्ने निकायको आवश्यकता रहन्छ नै। संविधानले नै किटान गरेका अन्तर सरकारी वित्तीय हस्तान्तरणका सिद्धान्त, राजस्व बाँडफाँडसम्बन्धी कानून, आर्थिक कार्यविधि कानून लगायतका अन्य कानूनहरु तर्जुमा गर्ने विषयहरुमा अर्थ मन्त्रालयले आफ्नो काम शुरु गरिसकेको छ। कर, भन्सार र अन्तःशुल्कको प्रशासन संघीय सरकारले गरेतापनि प्रदेश र स्थानीय निकायले परिचालन गर्ने राजस्वको निम्ति तत् तत् इकाईमा प्रशासनिक निकायहरु स्थापना गर्नुपर्ने हुन्छ। जनतालाई गुणस्तरिय, प्रभावकारी र घर आँगनमा नै बस्तु तथा सेवाको उपलब्धता सुनिश्चित गर्नु नै संघीयताको एउटा उद्देश्य रहेको हुनाले चुस्त, छरितो, प्रभावकारी र मितव्ययी संरचना अबको आवश्यकता हो।

**० मुलुक संघीय संरचनामा जाँदा राजस्व परिचालनको माग समेत वृद्धि हुन जान्छ, यस बारेमा सुधार गर्नुपर्ने कुनै संरचना प्रणाली र पद्दतिको बारेमा सोचिरहनु भएको छ ? प्रकाश पारिदिनु हुन्छ कि ?**

- संघीय संरचनामा सरकारको पूँजीगत खर्चका अतिरिक्त चालु खर्चमा समेत दवाव पर्छ। सबै प्रादेशिक र स्थानीय इकाईहरु स्रोत र साधनले सम्पन्न हुँदैनन्। कसैको स्रोत बढी हुन्छ भने कुनैले चालु खर्च पनि धान्न नसक्ने हुन सक्लान। तसर्थ, संघीय सरकारले विवेकशील र न्यायोचित ढंगबाट राजस्वको बाँडफाँड गर्नुपर्ने हुन्छ। राजस्वका थप स्रोतहरुको पहिचान गर्ने, वित्तीय एवं आर्थिक अनुशासनको परिपालना गर्ने, बेरुजु एवं बक्यौता फरफारक गर्ने, राजस्व प्रशासनमा कार्यरत कर्मचारी र संस्थाको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने, भ्रष्टाचार नियन्त्रण र राजस्व चुहावट नियन्त्रणका लागि निजी क्षेत्र एवं नागरिक समाजसँग हातेमालो गर्ने, युवापुस्तालाई कर प्रणाली र यसको महत्वका बारेमा जानकारी गराउने जस्ता कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने हुन्छ।

**० हाल मातहत कार्यालयहरुमा कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीको व्यवस्था छ। उक्त प्रणालीबाट राजस्व संकलनमा के कस्तो परिवर्तन भएको पाउनु भएको छ ? प्रकाश पारिदिनु हुन्छ कि ?**

- राजस्व संकलनमा प्रभावकारिता ल्याउने, राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरुलाई बढी भन्दा बढी नतिजामुखी, करदातामैत्री, काम प्रति इमान्दार, अनुशासित र नैतिकवान बनाई कर प्रशासनको सुधार मार्फत लगानीमैत्री वातावरण सिर्जना गर्ने उद्देश्य सहित पहिलो पटक २०६३/६४ मा नमूनाको रुपमा यस कार्यक्रमलाई शुरुवात गरिएको थियो। यो प्रणाली शुरु गरेका कार्यालयको कार्यसम्पादन स्तरमा उल्लेख्य प्रगति भयो। फलस्वरुप, सरकारले आन्तरिक

राजस्व विभाग र भन्सार विभाग अन्तर्गतका सबै कार्यालयहरुमा निश्चित कार्य सम्पादन सूचकहरुको प्रगतिका आधारमा प्रोत्साहन सुविधा पाउने गरी विस्तार गरियो । आर्थिक वर्ष २०७२/७३ देखि राजस्व अनुसन्धान विभाग अन्तर्गतका कार्यालयहरुमा पनि यो प्रणाली विस्तार भएको छ । यो प्रणाली कार्यान्वयनबाट मात्र राजस्व असुली कति प्रतिशत वृद्धि भयो भनेर ठ्याक्कै भन्ने अवस्था नरहेता पनि समग्र राजस्व संकलनमा भएको सकारात्मक प्रभाव र राजस्वको वृद्धिदर आफैले पुष्टि गर्दछ । यसका अतिरिक्त कार्यालयको वेरुजु फछ्र्यौट, बक्यौता असुली, करदाता शिक्षाको विस्तार, कर परीक्षण तथा अनुसन्धान, कार्यालयको व्यवस्थापन, फाइल व्यवस्थापन र स्वयं कर्मचारीको अनुशासनमा समेत सुधार आएको छ ।

**० अर्थ मन्त्रालय अन्तर्गतका विभागहरु मध्ये आन्तरिक राजस्व विभागको बेरुजु बढ्दै गएको छ। जसले विद्यमान कानूनको परिपालनमा रहेका कमी कमजोरीलाई संकेत गर्दछ। यस सन्दर्भमा विद्यमान कानूनको परिपालनामा बढोत्तरी ल्याई बेरुजुमा उल्लेख्य कमी ल्याउन मन्त्रालयले के कस्ता कार्यनीतिहरु लिएको छ ?**

- आर्थिक अनुशासन कमजोर भएको सूचकका रुपमा बढ्दै गएको बेरुजुको आकारलाई लिन सकिन्छ । सार्वजनिक स्रोतको परिचालन कानून, कार्यविधि र निश्चित मापदण्डका आधारमा गर्नुपर्छ । लेखा तयार गर्ने, लेखा राख्ने र आवश्यक कागजात र प्रक्रिया पुऱ्याएर मात्र भुक्तानी दिने, आन्तरिक लेखा परिक्षण र अन्तिम लेखा परीक्षण समय मै गराउने र सो को अनुगमन र सुपरिवेक्षण गर्ने जिम्मेवार व्यक्तिहरुबाट यसलाई प्राथमिकतामा नराख्दा वर्षेनी बेरुजु बढ्दै गएको हो । बेरुजु फछ्र्यौट अनुगमन तथा मूल्याङ्कन समितिले विभिन्न किसिमका बेरुजुहरु सम्बन्धमा सम्बन्धित पदाधिकारीहरुसँग छलफल गर्ने, आवश्यक कागजपत्रको खोजी गर्ने, सम्परिक्षणका लागि महालेखा परिक्षकको कार्यालयमा लेखी पठाउने, वार्षिक लक्ष्य भन्दा बढी बेरुजु फछ्र्यौट गर्ने पदाधिकारीहरुलाई पुरस्कृत गर्ने कार्यहरु पनि भइरहेका छन् । बेरुजु कम गर्न सक्रिय हुनुका साथै बेरुजु नै हुन नदिने तर्फ विभागीय जिम्मेवार पदाधिकारीहरु सचेत हुनु आवश्यक छ ।

**० न्यून विजकीकरण एवं कारोवारको न्यून मूल्यांकनबाट ठूलो मात्रामा कर चुहावट हुने गरेको छ भनिन्छ। यसले राजस्व असुलीका साथै बजार प्रणालीमा असर गर्दछ। यस्तो अवस्था निराकरणका लागि मन्त्रालयले के कस्ता रणनीति अवलम्वन गरेको छ ?**

- प्रतिस्पर्धी र स्वच्छ बजारको विकासबाट मात्र आर्थिक क्रियाकलापमा विस्तार भई अर्थतन्त्र सक्षम हुन्छ। साथै आर्थिक गतिविधिमा समेत गतिशीलता आउँछ। लगानीको लागि प्रोत्साहन हुन्छ । रोजगारी सिर्जना हुन्छ । सरकारको राजस्वमा वृद्धि हुन्छ । कालो बजारी, कृत्रिम अभाव, अनावश्यक किसिमले बस्तुको भण्डारण, अव्यावसायिकता लगायतका बस्तु तथा सेवाको न्यून विजकीकरण र मूल्याङ्कनमा सुधार आवश्यक छ । अन्यथा सरकारले ठूलो मात्रामा राजस्व गुमाउन पुग्छ। अहिले भएको पनि यहि हो।

यसको समाधानका उपायहरु भनेको कर प्रशासनबाट नियमित बजार अनुगमन, प्रभावकारी कर परीक्षण तथा अनुसन्धान, आर्थिक कारोवारको भिडानको विधिबाट कर छली लगायतका वित्तीय अपराधको पहिचान गर्ने, करदातालाई जागरुक बनाउन प्रभावकारी करदाता शिक्षा, भन्सार विन्दुमा हुने न्यून विजकीकरण र मूल्याङ्कनका लागि भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाउने र न्यून विजकीकरणका सामानहरु खरिद गर्ने एवं आरोपित व्यवसायी, करदाताहरुलाई कानूनबमोजिम हदैसम्मको सजाय गर्नुपर्ने हुन्छ । यसतर्फ अर्थ मन्त्रालय सचेत भएर काम गरिरहेको छ।

**० व्यवसायीको कर बक्यौता बढी रहेको अवस्थामा यसले एकातर्फ व्यवसायीहरुको कर कानूनको परिपालनामा उदासिनताको संकेत गर्दछ भने अर्कोतर्फ राजस्व संकलनको लागि राजस्व प्रशासनको सक्रियताको माग गर्दछ। यस्तो अवस्थाको निराकरणका लागि के कस्ता योजनाहरु अगाडि बढाउनु भएको छ ?**

- राजस्व प्रशासनको दक्षता, प्रभावकारीता, क्षमता र थप सक्रियताबाट कर बक्यौताको आयतन घटाउन सकिन्छ। बक्यौता असुलीका लागि स्पष्ट कार्य योजना सहित अगाडि बढ्नु पर्छ। करदाताले किन विवरण पेश गरेन, के कारणले करदाता कर कार्यालयको सम्पर्कमा आएन भन्ने जस्ता विषयहरुमा खोज तथा अध्ययन गर्नु पर्दछ । करदाताको अभिलेख तयार गर्ने, स्थलगत भ्रमण गर्ने, पत्राचार, टेलिफोनबाट निरन्तर सम्पर्क गर्ने जस्ता कामले पनि कर तथा विवरण बक्यौताको आयतन कम गर्न सकिन्छ । कर बक्यौता असुली गर्ने र फरफारक गर्ने उद्देश्यले नेपाल सरकारले समय/समयमा कर फछ्र्यौट आयोग गठन गर्ने पनि गरेको छ। कहिलेकाँही गलत कारोवार गरेका उद्योग व्यवसायी करदाताले उन्मुक्ति पाउँदा वास्तविक र यथार्थपरक एवं कानुनी ढंगबाट कारोवार गर्ने करदाता मर्कामा पर्न सक्ने हुन्छन्। यसतर्फ कर प्रशासन सजग हुनु जरुरी छ । विवरण र वक्यौता कर नबुझाउने करदातालाई अनलाईन मार्फत स्वत: जानकारी गराउने माध्यमको विकास गर्नु जरुरी छ।

**० राजस्व प्रशासनमा देखिएका समस्याहरु संबोधन गर्न स्वायत्त राजस्व बोर्ड गठन, एकिकृत कर संहिता निर्माणको कार्य भै रहेको सुनिन्छ यो कस्तो परिवर्तन र सुधार हो बताइ दिनुहुन्छ कि ?**

- राजस्व प्रशासनलाई बढी प्रतिस्पर्धी, जवाफदेही, व्यवसायिक र उच्च नैतिक संगठनको रुपमा स्थापित गर्ने उद्देश्यका साथ स्वायत्त राजस्व बोर्ड गठन गर्ने प्रस्ताव सरकारले अगाडि सारेको हो। राजस्वको काम हेर्दा अप्राविधिक जस्तो देखिएता पनि कामको प्रकृतिले व्यवसायिक, दक्ष, सीपमूलक मुलुकको आर्थिक क्षेत्रमा लामो अनुभव भएको जनशक्ति आवश्यक पर्छ । कर सम्बन्धी नीतिगत, संस्थागत प्रक्रियागत विषयमा आवश्यक सरसल्लाह दिने, राजस्व असुलीको गहन अध्ययन अनुसन्धान गर्ने, राजस्वका दरहरुको समय सापेक्ष पुनरावलोकन गरी सरकारलाई सुझाव दिने, राजस्व संकलन गर्न सकिने नयाँ क्षेत्रको पहिचान गर्ने, कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि सघन रुपमा तालिम सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय सन्धी सम्झौता, अन्तर्राष्ट्रिय कर कानूनका अध्ययन अनुसन्धान गरी कर प्रणालीमा गर्नुपर्ने सुधारको खाका तयार गर्ने उद्देश्य सहित यो वोर्ड गठन गर्ने ध्येय सरकारले राखेको हो ।

एकिकृत कर संहिताको निर्माणले कर प्रणालीलाई सरल एवं सहज बनाउँदछ । नेपालको कर कानूनमा सामयिक परिमार्जन गरी अन्तर्राष्ट्रिय अभ्यास अनुकूल कानून बनाउन नै एकिकृत कर संहिता तर्जुमा गर्न लागिएको हो । करका प्रक्रियामा एकरुपता बनाउने, कर अधिकारीसँग रहने स्वविवेकशील अधिकारको कटौती गर्ने, कर प्रणाली लगानी मैत्री बनाउने उद्देश्यबाट यो संहिताको निर्माण गर्न खोजिएको हो ।

# मूल्य अभिवृद्धि करमा करदाताको प्रशासनिक दायित्व



**प्रकाश शर्मा ढकाल**
**शाखा अधिकृत**
**आन्तरिक राजस्व विभाग**

मूल्य अभिबृद्धि कर स्वयं कर निर्धारण पद्तीमा आधारित आधुनिक कर हो । यो उपभोगमा आधारित कर भएकोले यो कर व्यापारी व्यवसायीले तिर्ने नभई प्रत्येक उपभोक्ताले तिर्ने कर हो । प्रत्येक भ्याटमा दर्ता भएका व्यक्तिहरु सरकारको कर संकलन गर्ने प्रतिनिधिहरु हुन। नेपालमा यो कर लागू भएको डेढ दशक पूरा भईसक्दा पनि करदाताहरु आफ्नो दायित्व प्रति त्यति जानकार /संवेदनशिल भएको पाइदैन । यस लेखमा भ्याटमा दर्ता भए पछि करदाताले निर्वाह गर्नु पर्ने सामान्य प्रशासनिक दायित्वको वारेमा जानकारी गराउने प्रयास गरिएको छ ।

करयोग्य कारोवार गर्ने व्यक्तिले आफूले कारोवार संचालन गर्नु पूर्व सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा गई स्थाई लेखा नं. लिई विधिवत रुपमा दर्ता भई कारोवार संचालन गर्नु पर्दछ। के कस्तो कारोवार गर्ने व्यक्ति भ्याटमा दर्ता हुनु पर्दछ भन्ने कुरा मूल्य अभिबृद्धि कर ऐन, २०५२ ले स्पष्ट गरेको छ । यसरी भ्याटमा दर्ता भई कारोवार संचालन गर्ने व्यक्तिले मूल्य अभिबृद्धि कर ऐन २०५२ तथा नियमावली, २०५३ ले तोके बमोजिम केही प्रशासनिक दायित्व निर्वाह गर्नु पर्दछ । जानाजानी वा नजानेर पनि कतिपयले त्यस्तो दायित्व निर्वाह नगर्दा दण्ड जरिवाना व्यहोर्नु परिरहेको छ।

**करपाटी तथा दर्ता प्रमाणपत्र राख्ने:**

दर्तावाला व्यक्तिले दर्ताको प्रमाण पत्र (स्थायी लेखा नं. को प्रमाणपत्र) आफ्नो कारोवारस्थलमा सवैले देख्ने गरी राख्नु पर्दछ। त्यस्तै हरियो रंगको ३० से.मी. लम्बाई र १० से.मी. चौडाइको करपाटी आफ्नो कारोवारस्थलमा राख्नु पर्दछ। कारोवारस्थल एक भन्दा बढी अर्थात शाखाहरु भएको अवस्थामा प्रत्येक शाखामा समेत करपाटी र प्रमाण पत्र राख्नु पर्दछ । प्रमाणपत्र नराख्ने करदातालाई ऐनको दफा २९(१)(ख) बमेजिम पटकै पिच्छे एक हजार जरिवाना हुने व्यवस्था छ।

**अवस्था परिवर्तन भएमा सूचना दिनु पर्ने:**

भ्याटमा दर्ता भएको कुनै पनि व्यक्तिले दर्ताका वखत भरिएको विवरण जस्तो कारोवारको प्रकृति, कारोवारको उद्देश्य, कारोवारस्थल, आफ्नो सम्पर्क फोन फ्याक्स जस्ता आधारभूत कुराहरु परिवर्तन हुने भएमा परिवर्तन भएको १५ दिन भित्र सम्वन्धित कर अधिकृत समक्ष सूचना दिनु पर्दछ। यस्तो सूचना नदिएमा ऐनको दफा २९(१)(ख) बमोजिम प्रत्येक पटक एक हजार जरिवाना हुने व्यवस्था भएकोले सोबाट जोगिन तथा नियमित करदाताको पहिचान समेतका लागि सूचना दिनु पहिलो कर्तव्य हो । यसैगरी आफूले गर्दै आएको कारोावार अन्य व्यक्तिलाई विक्री गरेमा वा निजको मृत्यू भै हकवालाको नाममा कारोवार हस्तान्तरण भएमा दर्ता भएको व्यक्ति वा हस्तान्तरण गरिलिने व्यक्तिले सो कुराको जानकारी विभागलाई दिनु पर्नेछ।

रितपूर्वकको विजक जारी गर्नु पर्ने: भ्याटको प्रमुख आधार नै बीजक हो । यसैको आधारमा दर्तावाला प्रत्येक व्यक्तिले आफ्नो प्रत्येक कर अवधिको कारोवार अंक एकिन गरी विवरण पेश गर्नु पर्दछ । अर्थात यो कारोवार प्रमाणित गर्ने प्रमुख आधार हो । यसैको आधारमा खरिदमा तिरेको भ्याट रकम कट्टी दावी गर्न सक्दछ । प्रत्येक करदाताले तोकिएको ढांचामा वीजक जारी गर्नु पर्दछ । सामान्य खुद्रा कारोवारको लागि वा पाँच हजार रुपैया सम्मको कारोवारको लाीग संक्षिप्त कर विजक प्रयोगमा ल्याउन सकिन्छ। तर संक्षिप्त कर विजक जारी गर्नु पूर्व आन्तरिक राजस्व कार्यालयबाट स्वीकृती लिनु पर्दछ । प्रत्येक विजक कम्तीमा पनि तीन प्रति हुनु पर्दछ । पहिलो प्रति खरिद कर्तालाई दिनु पर्दछ भने भने दोश्रो प्रति कर प्रशासनले मागेका वखत पेश गर्नु पर्ने भएकोले सो प्रयोजनको लागि राख्नु पर्दछ भने अर्को प्रति आफ्नो लेखांकनको लागि राख्नु पर्दछ। कर बीजक भ्याटको मेरुदण्ड नै भएकोले यसको अभावमा करदाताले डेबिट, क्रेडिटनोट समेत जारी गर्न पाउदैन ।

रीतपूर्वक वील जारी गरेको नपाइएमा ऐनको दफा २९ बमोजिम प्रत्येक पटक पाँच हजार रुपैया जरिवाना हुने व्यवस्था छ। भ्याटमा दर्ता भएको कुनै पनि व्यक्तिले साधारण वील वा अन्य कुनै लुज वील जारी गर्नु हुँदैन त्यस्तो कार्य कानून बमोजिम दण्डनीय मानिन्छ। तसर्थ प्रत्येक कारोवारमा रित पूर्वको सक्कली विल विजक लिने दिने गर्नु पर्दछ । कसैले त्यस्तो विजक दिएमा वा दिएको थाहा भएमा राजस्व प्रसाशनलाई गोप्य सूचना दिई असल नागरिकको कर्तव्य समेत निर्वाह गर्नु पर्दछ।

**ढुवानीकर्ताले बीजक साथै राख्नु पर्ने:**

दश हजार रुपैया भन्दा बढीको कर लाग्ने वस्तु विभागले तोकेको क्षेत्र वाहिर ढुवानी गर्नेले कर वीजक साथमै राख्नु पर्दछ। ढुवानीकर्ताले वीजक साथमा नराखेको अवस्थामा ऐनको दफा २९ बमोजिम प्रत्येक पटक पाँच हजार रुपैया जरिवाना हुने व्यवस्था छ ।

**लेखा व्यवस्था:**

भ्याटमा दर्ता भएको प्रत्येक व्यक्तिले प्रत्येक कर अवधिको कर गणना स्पष्ट हुने गरी तोकिए बमोजिमको लेखा अनिवार्य रुपमा राख्नु पर्दछ । त्यसरी लेखा राख्दा कारोवार मिति, प्रत्येक कारोवारको मूल्य, कारोवारको अर्को पक्ष दर्ता भएको रहेछ भने उसको दर्ता नं. स्पष्ट हुने गरी राख्नु पर्ने व्यवस्था ऐन को दफा १६ ले गरेको छ। त्यसै गरी नियमावलीको नियम २३ अनुसार व्यापार, लेखा, नगद प्राप्ती र भुक्तनी सम्वन्धी अभिलेख, आफूले जारी गरेका तथा प्राप्त गरेका वीजकहरु, आयात निर्यातसंग सम्वन्धित कागजातहरु, डेविट केडिट नोटहरु, खरिद तथा विक्री खाताहरुको अभिलेख अद्यावधिक गराई राख्नु पर्दछ । कर अवधि भन्नाले मासिक, द्विमासिक वा चौमासिक जे मा दर्ता भएको छ सोलाइ जनाउदछ । आफूले पेश गरेको आफ्नो कारोवार विवरण यही लेखाको आधारमा प्रमाणित गर्नु पर्ने भएकोले लेखा राखने विषयमा संवेदनशिल हुनु जरुरी छ । खरिद खाता, विक्री खाता, मौज्दात किताव, भ्याट लेखा समेतको लेखाका साथै खरिद विक्री विजकहरु, आयात निर्यातसंग सम्वन्धित प्रज्ञापन पत्रहरु, खरिद तथा विक्री मूल्यमा घटबढ भएको प्रमाणित गर्ने डेविट केडिट

नोटहरु अद्यावधिक गरी राख्नु पर्दछ। यसरी खरिद खाता विक्री खातामा आफ्नो अभिलेख राख्नु अगाडी कर अधिकृतबाट प्रमाणित गराएर मात्र राख्नु पर्दछ। खरिद विक्री खातामा प्रत्येक दिनको नभई प्रत्येक बीजक अनुसार छुट्टाछुट्टै प्रविष्टि गर्नु पर्दछ। आफ्नो कारोवारको अभिलेख प्रत्येक दिन अद्यावधिक गराई राख्नु पर्दछ।

यसरी राखिएको लेखा कर अधिकृतले मागेको बखत उपलब्ध गराउनु प्रत्येक दर्ताबाल व्यक्तिको कर्तव्य हुन आउछ। ऐनको दफा २९ अनुसार लेखाको निरीक्षण गर्न नदिए/नदेखाएमा प्रत्येक पटक वीस हजार रुपैंया र लेखा अद्यावधिक नभएमा प्रत्येक पटक दश हजार रुपैंया जरिवाना हुने तथा खाता प्रमाणित नगराई कारोवार प्रविष्टि गरेमा दश हजार रुपैया जरिवाना समेत हुने भएकोले जरिवानाबाट बची नियमित करदाताको पहिचानको लागि समेत अद्यावधिक हुनु जरुरी छ।

### कर निर्धारण र असूल उपरः

मूल्य अभिबृद्धि करमा दर्ता भएको व्यक्तिले कर लाग्ने मूल्यमा कर निर्धारण र असूल उपर गर्नु पर्ने व्यवस्था दफा ८ मा रहेको छ।

### कर विवरण पेश गर्नु पर्नेः

भ्याटमा दर्ता भएको प्रत्येक व्यक्तिले आफ्नो प्रत्येक कर अवधिको लागि करको यकिन गरी राजस्व कार्यलयमा र कार्यालय नभएको जिल्लाको हकमा १५ गते भित्र को.ले. नि. का. मा बुझाउनु पर्दछ। यस्तो कर विवरण सो अवधिमा कुनै कारोवार नै नगरेको भए पनि दिनु पर्दछ।विवरण कारोवार अनुसार शुन्य, डेविट वा केडिट हुन सक्दछ। अनूसूची १० बमोजिमको विवरण भरी प्रत्येक कर अवधि समाप्त भएको २५ दिन भित्र तिर्नु पर्ने कर सहित पेश गर्नु पर्दछ। विवरणसाथ कर बुझाउनु पर्ने अनिवार्य नभए पनि वार्षिक १० प्रतिशत थप दस्तुर र १५ प्रतिशत व्याजबाट बच्नको लागि पनि आफ्नो कर दायित्व नियमित रुपमा बुझाउदै जानु श्रेयस्कर हुन्छ। समयमा कर विवरण पेश नगरेमा लाग्ने करको प्रतिदिन ०.०५ प्रतिशत वा प्रति विवरण एक हजार रुपैया मध्ये जुन बढी हुन्छ सो जरिवाना हुने भएकोले आफ्नो विवरण समय मै दिनु पर्दछ।

### करको भुक्तानीः

आफ्नो प्रत्येक कर अवधिको लागि करको यकिन गरी प्रत्येक कर अवधि समाप्त भएको २५ दिन भित्र तिर्नु पर्ने कर दाखिला गर्नु पर्दछ। समयमै कर दाखिला नगरे वार्षिक १० प्रतिशत थप दस्तुर र वार्षिक १५ प्रतिशतको दरले व्याज समेत लाग्ने व्यवस्था ऐनमा रहेको छ। बजारको समान्य व्याजदर भन्दा बढी व्याज तिर्नबाट जोगिनु पर्दछ।

### कारोवारको अभिलेख सुरक्षित राख्नु पर्नेः

मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २३(७) मा आफ्नो कारोवारको अभिलेख ६ वर्षसम्म सुरक्षित राख्नु पर्ने व्यवस्था भएकोले आफ्नो कारोवारको लेखा ६ वर्षसम्म सुरक्षित राख्नु पर्दछ। यदि सो नभएमा ऐनको दफा २९(१)(छ) अनुसार दश हजार रुपैया जरिवाना हुने व्यवस्था छ।

### राजस्व प्रशासनलाई सहयोग गर्नेः

कुनै विषयमा छानवीन तथा अनुसन्धान, तहकिकात गर्ने, खानतलासी लिने तथा कारोवारको सम्वन्धमा कुनै सूचना आवश्यक परेको अवस्थामा खटिएको कर अधिकृतलाई आफ्नो कारोवारको लेखा देखाउने वा तत्संग सम्वन्धित अन्य कुनै सहयोग गर्नु पर्ने देखिएमा सहयोग गरी असल करदाताको परिचय दिनु पर्दछ।

E-mail:dhakalps@gmail.com



## करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न

काठमाडौं। करदाता सेवा कार्यालय चावहिलको आयोजनामा पूँजीगत लाभकर सम्वन्धी करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम भाद्र १४ गते चलचित्र विकास वोर्डको हलमा सम्पन्न भयो। आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा आ.रा.वि.का निर्देशक श्री नरनाथ गिरी, मालपोत कार्यालय चावहिलका प्रमुख मालपोत अधिकृत श्री गोविन्दप्रसाद अधिकारी तथा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन इकाई समिति चावहिलका अध्यक्ष श्री भीमबहादुर कार्की अतिथिको रुपमा उपस्थित हुनु भएको थियो। मालपोत कार्यालय चावहिलको रजिष्ट्रेशन फाँटमा काम गर्ने सवै कर्मचारीहरु तथा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन इकाई चावहिलका पूर्व/वर्तमान पदाधिकारी, सल्लाहकार साथै सक्रिय सदस्यहरु समेत सहभागी हुनु भएको उक्त कार्यक्रममा प्रमुख कर अधिकृत श्री युवराज श्रेष्ठले सम्पूर्ण आगन्तुकहरुलाई स्वागत गर्नुहुँदै कार्यक्रमवारे जानकारी गराउनु भएको थियो। कार्यक्रममा कर अधिकृत श्री प्रेमराज पोखेलले पूँजीगत लाभकरको सैद्धान्तिक अवधारणा, आयकर ऐनमा सो सम्वन्धमा भएका कानूनी व्यवस्थाहरु र त्यससँग सम्वन्धित व्यवहारिक उदाहरणहरु प्रस्तुत गर्नु भएको थियो।

कार्यपत्रको प्रस्तुती पछि करीव एक घण्टा सहभागीहरुसँग अन्तर्क्रिया गरिएको थियो। अन्तर्क्रियाको शुरुवातमा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएन इकाई चावहिलका अध्यक्ष श्री भीमबहादुर कार्कीले पूँजीगत लाभकरका विभिन्न विषयमा जिज्ञासा र सुझाव राख्नु भएको थियो। प्रत्यक्ष सवाल जवाफ शैलीमा चलाइएको अन्तर्क्रिया कार्यक्रममा सहभागीको तर्फबाट मुख्य रुपमा आयकर ऐन तथा पूँजीगत लाभकर निर्देशिकामा रहेका पैत्रिक सम्पत्तिको प्राप्ति र सोको निसर्गमा करको गणना गर्दा रहेका द्विविधा तथा अस्पष्टताहरुलाई उठाइएको थियो। सहभागीहरुबाट उठाइएको द्विविधा तथा अस्पष्टताहरुलाई महानिर्देशक श्री चुडामणि शर्मा तथा निर्देशक श्री नरनाथ गिरी र प्रमुख कर अधिकृत युवराज श्रेष्ठले स्पष्ट पार्नु भएको थियो।

कार्यक्रमको अन्त्यमा, महानिर्देशक श्री चुडामणी शर्माबाट निर्देशन मन्तव्य सहित कार्यक्रम समापनको घोषणा भएको थियो। निर्देशन मन्तव्य दिनुहुँदै महानिर्देशक शर्माले पैत्रिक सम्पत्ति भएतापनि ३ पुस्ता भित्र खरिद बिक्री वाहेक अन्य कारोवार भएमा पूँजीगत लाभकर आकर्षित हुने र जग्गा धनीपूर्जामा भएको कारोवार मितिलाई नै प्रमाणको रुपमा लिईनुपर्ने वताउनुहुँदै ऐन, नियम तथा निर्देशिकामा भएका द्विविधा तथा अस्पष्टताहरुलाई स्पष्ट गर्दै लान सकिने र त्यसका लागि सम्वद्ध सरोकारबालाहरुको सुझाव र सल्लाहको आन्तरिक राजस्व विभागले सदैव अपेक्षा राखेको कुरा व्यक्त गर्नु भएको थियो।

१ पेजको बांकी...

जस्ता कार्यक्रमले कूल राजस्वमा आन्तरिक राजस्वको योगदान बृद्धि हुनुका साथै राजस्व चुहावट समेत रोक्न मद्दत गर्नेमा विश्वास व्यक्त गर्नु भयो ।

कर्मचारी जति इमान्दार बन्यो त्यति नै देशको प्रतिष्ठा बढ्छ भन्नुहुँदै उपप्रधान एवं अर्थमन्त्री महराले कर्मचारीले असल नियतले गर्ने राम्रो कामको प्रतिरक्षा गर्न मन्त्रालय सदैव तयार रहेको बताउनु भयो । कर्मचारीहरुको सरुवा गर्दा कामको अनुभव, दक्षता र समग्र कार्य सम्पादनमा बढोत्तरी हुने गरी समन्यायिक तरिकाले गर्न विभागलाई निर्देशन समेत दिनु भयो ।

सो कार्यक्रममा करको दायरा संख्याका आधारमा मात्र नवढ्ने भन्दै वहाले सार्वजनिक खर्च गर्ने क्षमता बढाउन सकेमा उद्योगधन्दा, व्यापार व्यवसाय समेत बढ्ने र करको दायरा स्वतः बढ्दै जाने वताउनु हुंदै अर्थमन्त्री महराले करदातालाई प्रशिक्षित गर्नु पर्ने आवश्यकता रहेको वताउनु भयो ।

कार्यक्रममा राजस्व सचिव श्री राजन खनालले आन्तरिक राजस्व स्थायी प्रकृतिको स्रोत भएकोले कर प्रणालीमा सुधार गर्नु पर्ने र त्यस्तो सुधारको मापदण्ड कर सहभागिता लागत, कर वक्यौता र करवीचको अन्तर, सेवा प्रवाहमा गुणस्तरीयता हुनु पर्ने वताउनु भयो । सरकारी कार्यालयहरु मध्ये सूचना तथा प्रविधिको प्रयोग गर्ने पहिलो नम्वर कार्यालयको रुपमा आन्तरिक राजस्व विभाग रहेकोले सूचना प्रविधिको प्रयोग र विस्तारका सन्दर्भमा विगतमा गरेका प्रतिवद्धतालाई व्यवहारमा उतार्नु पर्नेमा जोड दिनु हुंदै विद्युतीय भुक्तानी प्रणालीको कार्यान्वयनमा जोड दिनु पर्ने उल्लेख गर्नु भयो । वर्तमानमा देखिएको कर परीक्षण तथा अनुसन्धानमा देखिएका विकृतिहरु अन्त्य गर्ने माध्यम नै e Payment हो वंहाले भन्नुभयो । करको दायरामा करदातालाई ल्याउन जति गाह्रो छ त्यो भन्दा बढी कठिन करदातालाई दायरामा निरन्तर राखिरहनु छ भन्दै वहाले विवरण पेश नगर्नु, कर वक्यौता बढ्दै जानु विभागको लागि चुनौती रहेको वताउनु भयो । राम्रो कामको लागि मन्त्रालय सधैं विभागसंगै रहेको जानकारी गराउनु हुंदै सचिव खनालले करदाता प्रतिको व्यवहारमा सुधार गर्नु पर्ने आवश्यकता समेत औंल्याउनु भयो ।

उक्त अवसरमा विभागका महानिर्देशक श्री चुडामणि शर्माले माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा, राजस्व सचिव श्री राजन खनाल लगायतलाई स्वागत गर्नु भएको थियो। कार्यक्रममा महानिर्देशक शर्माले विभागको समग्र अवस्थाको वारेमा व्रिफिङ गर्नु भएको थियो । यस क्रममा वहांले विभागले प्रशासन गर्ने करहरु, विद्यमान ऐन, कानून, विभागको सांगठनिक संरचना, विभाग र मातहत कार्यालयहरुको जनशक्ति व्यवस्थापन, हाल करको दायरामा आएका करदाताहरुको संख्या, गत आर्थिक वर्षको विभागको लक्ष्य र प्रगतिका वारेमा तथा चालु आर्थिक वर्षको लक्ष्यको वारेमा



कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्री कृष्णबहादुर महरा, राजस्व सचिव श्री राजन खनाल, अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखाप्रमुख श्री लक्ष्मण अर्याल



आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा सहभागी कर्मचारीहरु



आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा सहभागी कर्मचारीहरु



आन्तरिक राजस्व विभागमा आयोजित कार्यक्रममा सहभागी कर्मचारीहरु

वर्ष ४, अङ्क २, २०७३ भदौ, Year 4, Issue 2, September 2016

उपप्रधान एवं अर्थमन्त्रीलाई जानकारी गराउनु भएको थियो ।

महानिर्देशक शर्माले गत आर्थिक वर्षमा विभागले लक्ष्यको तुलनामा १०५ प्रतिशत राजस्व संकलन गर्न सक्षम भएको र चालु आर्थिक वर्षको लागि विभागलाई प्राप्त भएको रु. २३४ अर्वको लक्ष्य प्राप्त गर्न विभाग प्रतिवद्धताका साथ अगाडी बढिरहेको बताउनु भएको थियो । चालु आर्थिक वर्षमा विभागले कर प्रणालीमा सुधार, कर कानूनको प्रभावकारी कार्यान्वयन, अन्तःशुल्क सुदृढीकरण, जनशक्तिको सक्षमता अभिबृद्धि जस्ता रणनीति अवलम्बन गरिने बताउनुहुँदै महानिर्देशक शर्माले संघीय संरचना अनूकूल संरचना विस्तार, अन्तःशुल्क व्यवस्थापनमा जनशक्तिको व्यवस्थापन, नियमित तालिम, सूचना प्रविधिमा दक्ष जनशक्तिको आपूर्ति तथा कर प्रणालीमा करदाताको पहुंच अभिवृद्धि गर्ने चुनौतीहरु रहेको वताउनु भएको थियो । यसै क्रममा आन्तरिक राजस्व विभागले अर्थ मन्त्रालयसंग गरेका अपेक्षा उपप्रधान एवं अर्थमन्त्री समक्ष प्रस्तुत गर्नुहुंदै महानिर्देशक शर्माले नीतिगत निर्देशन, अवसरहरुको समन्यायिक वितरण, दक्ष जनशक्तिको निरन्तरता, असल कामका लागि विभागको प्रतिरक्षाका साथै विभाग र कार्यालयहरुमा प्रोत्साहन भत्ताको निरन्तरताको अपेक्षा गरेको वताउनु भएको थियो ।

उक्त कार्यक्रममा माननीय उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महराका प्रमुख स्वकीय सचिव श्री हिमाल शर्मा, अर्थमन्त्रालय राजस्व व्यवस्थापन महाशाखा प्रमुख श्री लक्ष्मण अर्याल, काठमाडौं उपत्यका भित्रका सवै कार्यालयका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो ।

१ पेजेको बांकी...

र रु. २० करोड ५६ लाख ८५ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा १०२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ७९ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १३६ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर ११४ प्रतिशत, अन्तशुल्कको वृद्धिदर १४९ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर १२३ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर १३७ प्रतिशत रहेको छ ।





# विभागद्वारा सञ्चालित कल सेन्टरलाई अद्यावधिक गरिने

आन्तरिक राजस्व विभागद्वारा सञ्चालित कल सेन्टरलाई giz को सहयोगमा सुदृढीकरण तथा अद्यावधिक गरिने भएको छ। आन्तरिक राजस्व विभाग र giz को संयुक्त आयोजनामा भदौ २३ गते आयोजित एक कार्यक्रममा सो कुरा बताइएको हो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले काम गर्दै जाँदा, परिकल्पना गर्दै जाँदा नयाँ कुराहरु सिकिने बताउनुभयो । उहाँले नेपाल टेलिकम, बैंकहरु, आदिले गरेका असल अभ्यासको अनुशरण गर्ने र सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्दै जानुपर्नेमा जोड दिनुभयो। कल सेन्टर के रहेछ र कसरी यसलाई व्यवस्थित गर्न सकिन्छ भनेर विभाग लागि परेको बताउनुहुँदै कर प्रशासनमा करदाताको सहज पहुँच बढाउन, साझा कुराहरुलाई ब्रोसर बनाएर बाँड्ने, करदाता शिक्षा मार्फत् सुधार गर्दै जाने, कल सेन्टरबाट जिज्ञासाहरुको समाधान गर्ने बताउनुभयो । उहाँले कल सेन्टरबाट दिइने सुचना सीमित हुने समेत जानकारी गराउनुभयो ।

कार्यक्रममा नष्श का प्रतिनिधि श्री वरुण कोइरालाले मुलुकभरीका करदाताले कल सेन्टरमा फोन गरेर आफूलाई परेका समस्या समाधानका लागि विज्ञसँग सोझै कुरा गरेर सल्लाह लिन सक्ने बताउनुभयो। यो सेवा अहिले तत्काल कार्यालय समयमा मात्र सञ्चालित रहेपनि यसलाई चौविसै घण्टा सञ्चालन गर्ने तयारी गरिएको, आफूलाई लागेका जिज्ञासाहरु रेकर्ड गराउन सक्ने, कल सेन्टरले एकै पटक धैरै वटा टेलिफोन रिसिभ गर्न सक्ने प्रविधिको विकास गर्न लागिएको जानकारी दिनुभयो। कल सेन्टरमा कस्ता कस्ता करदाताले जिज्ञासा राखे, करदाताहरु कस्ता विषयमा बढी अनविज्ञ छन्, सुधार गर्नु पर्ने विषय के छन् उनीहरुको प्रतिकृयालाई हेरेर सुधार गर्दै जानु पर्ने उहाँको भनाइ थियो । विभागले सञ्चालन गरेको कल सेन्टरलाई अत्याधुनिक बनाउन सकेको खण्डमा करदाताहरुको जिज्ञासा पनि बढ्दै जाने उहाँको भनाइ थियो । कुनै करदाताले आफूलाई लागेको जिज्ञासा एसएमएसको माध्यमबाटै समाधान हुने प्रविधिको विकास गर्न लागिएको समेत उहाँले जानकारी दिनुभयो ।



कार्यपत्र प्रस्तुत गर्नुहुँदै giz प्रतिनिधि श्री बरुण कोइराला

उपस्थित कर्मचारीहरुले कल सेन्टरमा जिज्ञासा राख्ने करदाताको पहिचान हुनुपर्ने र उनीहरुलाई दिने सूचनाको लिमिट हुनुपर्ने बताउँदै कल सेन्टरको डिजाइनमा विशेषध ध्यान दिनु पर्ने कुरा उल्लेख गरेका थिए ।



# ट्राफिक जनचेतना सम्बन्धी कार्यक्रम सम्पन्न

काठमाडौं । आन्तरिक राजस्व विभाग र महानगरीय ट्राफिक प्रहरी कार्यालय रामशाहपथको संयुक्त आयोजनामा आन्तरिक राजस्व विभाग र काठमाडौंस्थित विभाग अन्तर्गतका कार्यालयका सवारी साधनका सवारी चालकहरुलाई ट्राफिक जनचेतनासम्बन्धी कार्यक्रम भदौ १० गते आन्तरिक राजस्व विभागमा भएको छ ।

महानगरीय ट्राफिक प्रहरी कार्यालय रामशाहपथका डिएसपी श्री सविन प्रधानले ट्राफिक जनचेतना सम्बन्धी विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

उहाँले सडकको संरचना राम्रो हुँदैमा सुरक्षा हुने नभई, सवारी चालकको व्यवहार राम्रो हुनुपर्ने बताउनुभयो । दुर्घटनाको श्रृंखला दिनप्रतिदिन बढ्दै गरेको सन्दर्भमा उहाँले दुर्घटना न्यूनिकरण गरेर मानिसको जीवन बचाउनु पर्ने बताउनुभयो । वर्षमा २ हजार र दिनमा सरदर ५-६ जनाले दुर्घटनाका कारण जीवन गुमाइरहेको जानकारी गराउनुहुँदै ७४ प्रतिशत दुर्घटना चालकको लापरवाहीले हुने बताउनुभयो । उहाँले २६ प्रतिशत यात्रुहरु र यान्त्रिक गढबढीका कारण दुर्घटना हुने बताउनुहुँदै सुरक्षित रुपमा बाटो काट्नका लागि निर्माण गरिएको जेब्रा क्रसिङमा ४० प्रतिशत यात्रुको मृत्यु हुने गरेको उल्लेख गर्नुभयो ।

सडकमा निस्किएपछि हतार हुने मनोविज्ञानका कारण दुर्घटना बढिरहेको बताउनुहुँदै दुर्घटनाले जीवनशैलीमा नै परिवर्तन हुने जानकारी दिनुभयो । डिएसपी प्रधानले पोलियो उन्मुलन भइसकेको सन्दर्भमा दुर्घटनाका कारण ह्वील चियरमा हिड्न धेरै मानिस विवस भएको जानकारी दिनुभयो । क्षमताभन्दा बढी यात्रु राखी सवारी साधन चलाउँदा दुर्घटना बढिरहेको बताउनुहुँदै सडक सुरक्षामा सवैभन्दा बढी प्राथमिकता पैदल यात्रुलाई हुने बताउनुभयो । उहाँले जेष्ठ नागरिक र अपांगहरुलाई बाटो काट्न सहयोग गर्न समेत आग्रह गर्नुभयो । छ महिना भित्रमा राजधानीका सडकमा अत्याधुनिक ट्राफिक बत्ती जडान हुने बताउनुहुँदै ट्राफिक संकेतहरुको वारेमा जानकारी समेत गराउनु भएको थियो ।



मादक पदार्थ र लागू औषध सेवन गरेर सवारी साधन चलाउन पाइदैन भन्नुहुँदै मानसिक रुपमा स्वस्थ नभएको अवस्थामा सवारी नचलाउन समेत आग्रह गर्नुभयो । सार्वजनिक सवारी साधन चलाउने चालकले मापसे गरेको खण्डमा सार्वजनिक अपराध अन्तर्गतको अपराध ठहरिने उहाँले बताउनुभयो । सरकारी सेवाका सवारी चालक, प्रहरी, आर्मी, सशस्त्र प्रहरीले सवारी नियमको पालना गरे अरु सर्वसाधारणले क्रमश: नियमको पालना गर्दै जाने उहाँको भनाइ थियो । कार्यक्रममा सहभागी सवारी चालकहरुले सडकमा देखेका र भोगेका समस्याहरुको वारेमा जिज्ञासा राख्ने काम भएको थियो भने डिएसपी प्रधानले जिज्ञासाहरुको समाधान गरिदिनु भएको थियो ।



## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालयको अनुगमन तथा निरीक्षण



आन्तरिक राजस्व विभागका उप–महानिर्देशक श्री राममणि दुवाडी सहितको टोलिले भाद्र ८ देखि १३ गतेसम्म आन्तरिक राजस्व कार्यालय, भद्रपुर, करदाता सेवा कार्यालय, इलाम र करदाता सेवा कार्यालय दमकको स्थलगत निरीक्षण गर्नुभयो । उक्त निरीक्षणमा विभागका निर्देशक श्री शालिकराम आचार्य समेतको उपस्थिति थियो । कार्यालयको समग्र परिस्थिती तथा प्रगतिका वारेमा प्रमुख कर अधिकृत श्री निर्मल ढकालले प्रस्तुति गर्नुभएपछि निर्देशनका क्रममा उप–महानिर्देशक श्री राममणि दुवाडीले कार्यालयबाट विगतमा भएका राम्रा र उत्कृष्ट कार्यहरुको निरन्तरताका लागि सुझाव दिनुहुँदै आगामि दिनहरुमा चालु आ.व.को लागि विभागबाट तोकिएका Functional Target हरुको प्राप्तीका लागि Business Plan बनाई तदनुरुप साधन, स्रोत र जनशक्ति परिचालन गरी कार्य अघि वढाउन, अर्थतन्त्रमा आएको विस्तार संगै सिर्जना भएका नयां क्षेत्रहरुको समेत खोजि गरी करदाता दर्तालाई निरन्तरता दिन । Quality Taxpayers को दर्ताको लागि करदाता दर्ताको लागि करदाता दर्ताको क्रममा KYT (Know your Taxpayer) फारामको अवलम्वन गर्न/प्रयोग गर्न, करदाता शिक्षामा कार्यालयको प्रभाव प्रशंसनीय भएको तथा करदाताको माग र कार्यालयको रणनीतिलाई समेत ध्यानमा राखि यसलाई आगामी दिनमा निरन्तरता दिन, विभागले करपरीक्षण तथा अनुसन्धानका लागि उपलब्ध गराएको वाहेक कार्यालयबाट पनि कर जोखिमलाई विश्लेषण गरी करदाताको छनौट तथा कर परीक्षण/अनुसन्धान कार्य गर्न, शुन्य विवरण र Nonfiler को अनुपात कम गर्दै Debit Return को अनुपात वढाउने प्रयासलाई निरन्तरता दिन निर्देशन दिनुभयो ।

उपमहानिर्देशक दुवाडीले वक्यौता तथा वेरुजु न्यूनिकरणलाई कार्यालयले गत आ.व.मा गरेको प्रगतीलाई चालु आ.व.मा पनि निरन्तरता दिन, बजार अनुगमन तथा Billing Enforcement कार्यमा थप जनशक्ति परिचालन गरि प्रभावकारी तथा परिणाममूलक बनाउन, TDS Verification तथा Current Year Audit लाई प्राथमिकतामा राखि जनशक्ति परिचालन गर्न तथा अन्त:शुल्क ऐन नियमको परिपालना र अवैध मदिरा नियन्त्रण तर्फ प्रहरी, प्रशासन तथा नागरिक समाजसंग समेत सूचना प्रवाह तथा सहकार्य गरी प्रभावकारी कार्यान्वयन गर्न निर्देशन दिनुभयो ।

भाद्र १० गते उप–महानिर्देशक श्री राममणि दुवडी, निर्देशक श्री शालिकराम आचार्य र आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत श्री निर्मल ढकाल सहितको टोलिले करदाता सेवा कार्यालय, ईलामको स्थलगत निरीक्षण गरि कार्य सम्पादनका विविध क्षेत्रमा ध्यानाकर्षण प्रदान गर्ने काम भयो । तत् पश्चात भदौ १२ गते उप–महानिर्देशक, निर्देशक तथा प्रमुख कर अधिकृत समेतको टोलिले उद्योग वाणिज्य संघ ताप्लेजुङको सभाकक्षमा ताप्लेजुङ जिल्ला स्थित ताप्लेजुङ उद्योग वाणिज्य संघका प्रतिननिधिहरु, स्थानीय उद्योगी व्यापारीहरु, व्यापारिक वस्तुगत संघ, संस्थाका प्रतिनिधीहरु सहित ८७ जनाको उपस्थितिमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो । कोष तथा लेखा नियन्त्रक कार्यालय ताप्लेजुङका कोष नियन्त्रक विरवहादुर श्रेष्ठ समेतको उपस्थितिमा भएको सो कार्यक्रममा विशेष गरि भौगोलिक विकटताको कारणले कर तथा कर विवरण बुझाउंदा हुने समस्याहरु, भौचर दाखिला गर्दा करदाताले भोग्नु पर्ने समस्याहरु, अन्त:शुल्क सम्वन्धी तथा अन्य कर नीति वारेमा केन्द्रीत रही छलफल, अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

अन्त्यमा, भदौ १३ गते उप–महानिर्देशक, निर्देशक र आन्तरिक राजस्व कार्यालय, भद्रपुरका प्रमुख कर अधिकृत श्री निर्मल ढकाल सहितको टोलिले करदाता सेवा कार्यालय, दमकको स्थलगत निरिक्षण गरियो । टोलिले Non filler संख्या घटाउन Debit Return को अनुपात बृद्धि गर्न कार्यालयले थप प्रयास जारी राख्ने सुझाव दिइयो । कार्यालयको कार्यपद्दति र कार्यशैलि बारे करदाताको सन्तुष्टि मापन गर्न सन्तुष्टि सर्वेक्षणको रणनीति अवलम्बन गर्न समेत सुझाव दिएको थियो ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
राममणि दुवाडी    विष्णुप्रसाद नेपाल

**सम्पादन समूह**
सम्झना बराल    अर्जुनप्रसाद भट्टराई
शिवलाल तिवारी    प्रकाश शर्मा ढकाल
आनन्द काफ्ले